Bhairahawa Campus Journal, 8(1), 2025: 71-85 ISSN: 2795-1979
DOI: https://doi.org/10.3126/bhairahawacj.v8i1.80035

***Research Article***

# लङ्गडाको साथी उपन्यासमा अतियथार्थवाद

**त्रिभुवन बरई**
Bhairahawa Multiple Campus, Rupandehi, Nepal

**ARTICLE INFO**
Received: 21/11/2024
Accepted: 02/05/2025

**CORRESPONDENCE**
Tribhuwan Barai
Bhairahawa Multiple Campus,
Rupandehi, Nepal
E-mail: tribhuvan.barai@bmc.tu.edu.np
ORCID: https://orcid.org/0009-0002-8900-9986

**COPYRIGHT**
©Research Management Cell,
Bhairahawa Multiple Campus,
Rupandehi, Nepal

**लेखसार**

*प्रस्तुत लेखमा अतियथार्थवादको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा लैनसिंह बाङ्देलको लङ्गडाको साथी उपन्यासको मूल्यनिरूपण गरिएको छ । उक्त उपन्यासमा प्रयुक्त अतियथार्थवादी अभिलक्षणहरूको खोजी गर्नाका निम्ति प्रस्तुत अध्ययन गरिएको हो । अतियथार्थवादको सैद्धान्तिक पर्याधार, प्राथमिक एवम् द्वितीयक स्तरको सामग्री तथा गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषणात्मक अनुसन्धान विधिको उपयोग गरी यस लेखलाई पूर्ण बनाइएको छ । पुराना र परम्परागत मूल्य, मान्यता, सभ्यता र संस्कृतिको अस्वीकार, उपेक्षित र किनाराकृत वर्गलाई सर्वोपरि महत्त्व, साहित्यलाई अत्यधिक बौद्धिक, तार्किक र व्यवस्थित बनाउने कुराप्रतिको असहमति, सहजानुभूति र भावातिरेक कल्पनामा जोड, स्वतन्त्रता र प्रेमलाई बढी प्राथमिता, स्वप्न, दिवास्वप्न, तन्द्रा, भय र अप्रत्याशित घटनाको प्रस्तुति, अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रण, स्वचालित लेखन पद्धतिको प्रयोग, जीवनको एकान्त काल्पनिक पक्षका साथै व्यक्तित्वको अन्तर्विरोधको उद्घोष, वैयक्तिकता र विद्रोहात्मकता, मानवीय क्रियाकलाप र कर्तुतप्रति तीखो व्यङ्ग्य तथा मानवताको खस्कँदो अवस्थाको चित्रणजस्ता सूचकका आधारमा उक्त उपन्यासको मूल्याङ्कन गरिएको छ । यस लेखको अन्त्यमा सीमान्त वर्गसँग सम्बद्ध समस्यालाई जीवन्त र प्रभावान्वितिपूर्ण ढङ्गले प्रस्तुत गरी सीमान्त वर्गको केन्द्रीयतामा साहित्यको सिर्जना गर्नुपर्ने एवम्  समाजमा सीमान्त वर्गलाई मानवअधिकारका साथ बाँच्न पाउनुपर्ने वातावरणको सिर्जना हुनुपर्ने विचार अभिव्यक्त भएको तथा लैनसिंह बाङ्देलमा सीमान्त वर्गसँग सम्बद्ध समस्यालाई अत्यन्त संवेदनशील र कलात्मक ढङ्गले अङ्कन गर्ने सिर्जनात्मक प्रज्ञा र शिल्पप्रविधि बेजोड रूपमा रहेको कुरालाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।*

***शब्दकुन्जी:*** *अचेतन मन; कारुणिकता; तन्द्रवस्था; मानवमूल्य; सहजानुभूति*

## १. विषयपरिचय

समाजबाट उपेक्षित र किनाराकृत वर्गको केन्द्रीयतामा अभिलिखित *लङ्गडाको साथी* लैनसिंह बाङ्देलको महत्त्वपूर्ण अतियथार्थवादी औपन्यासिक कृति हो । दार्जिलिङको समाजमा निम्न वर्ग र अपाङ्ग भएका कारण किनाराकृत अवस्थामा रहेको लङ्गडाको अभावमय र पीडादायी जीवनपद्धति, समाजले उसप्रति गरेको दुर्व्यवहार तथा कुकुरसँगको उसको आत्मीयता र मित्रताको प्रस्तुतिमा आधारित उक्त उपन्यास नेपाली साहित्यको प्रथम अतियथार्थवादी उपन्यास हो । यस उपन्यासले समाजमा उपेक्षित र तिरस्कृत वर्गका जीवनका कथाव्यथा, सामाजिक विकृति र विसङ्गति, मानवमा दिनप्रतिदिन खस्कँदै गएको मानवमूल्य र मानवताको ह्रासोन्मुख अवस्था तथा मानवेतर प्राणी र मान्छेबिचको सम्बन्धजस्ता विषयवस्तुलाई पाठकसमक्ष पुऱ्याई परोक्ष ढङ्गले मानवले मानवमूल्य र गरिमालाई जोगाउनुपर्ने एवम् मानवतावादी बन्नुपर्ने विचारसमेत प्रवाहित गरेको पाइन्छ । मानवमूल्यसँग सम्बद्ध यस्तो कृतिका विषयमा अध्ययन गर्नु अपरिहार्य देखिन्छ ।

अतियथार्थवाद साहित्यिक कृतिको अध्ययन गर्ने एक महत्त्वपूर्ण सैद्धान्तिक पर्याधारका रूपमा स्थापित छ । यस पद्धतिले पुराना र परम्परागत मूल्य, मान्यता, सभ्यता र संस्कृतिको अस्वीकार, उपेक्षित र किनाराकृत वर्गलाई सर्वोपरि महत्त्व, साहित्यलाई अत्यधिक बौद्धिक, तार्किक र व्यवस्थित बनाउने कुराप्रतिको असहमति, सहजानुभूति र भावातिरेक कल्पनामा जोडलगायतका कोणबाट साहित्यिक कृतिको मूल्याङ्कन गर्नुपर्ने अभिमत प्रस्तुत गर्दछ । कलात्मक गद्य भाषामा संरचित बृहत् आख्यानयुक्त श्रव्यपाठ्य साहित्यिक विधा नै उपन्यास हो । यस्तो साहित्यिक वैशिष्ट्य वरण गर्ने एउटा महत्त्वपूर्ण औपन्यासिक कृतिका रूपमा लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* रहेको छ । विधातत्त्व र स्वतन्त्र लेखनपद्धतिमा आधारित भई प्रस्तुत उपन्यासका विषयमा केही अध्ययन गरिए पनि अतियथार्थवादको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा यस कृतिको शोधपरक अध्ययनको रिक्तता पाइन्छ । यसै रिक्तताको परिपूर्तिका निम्ति प्रस्तुत अध्ययन गरिएको हो । अतः अतियथार्थवादको सैद्धान्तिक पर्याधारका कोणबाट उक्त कृतिको अध्ययन गर्नुलाई यस लेखको प्रमुख प्राज्ञिक समस्याका रूपमा अवलम्बन गरिएको छ । यसै प्राज्ञिक समस्यालाई अनुसन्धानपरक ढङ्गले समाधान गर्नाका निम्ति 'लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा अतियथार्थवादका केकस्ता अभिलक्षणहरूको प्रयोग गरिएको छ ?' जस्तो शोधप्रश्न तथा 'लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा प्रयुक्त अतियथार्थवादका अभिलक्षणहरूको खोजी गर्नु' जस्तो अध्ययनको उद्देश्यको निर्मिति गरिएको छ ।

मौलिक अध्ययन पद्धति र लोककल्याणकारी विचारधारामा आधारित भई पूर्णता प्रदान गरिएको प्रस्तुत लेखले स्रष्टालाई लोकहितकारी साहित्यसिर्जना, द्रष्टालाई साहित्यिक कृतिको मूल्यनिरूपण तथा पाठकलाई मानवजीवनको गरिमा र महत्त्व बुझी सोहीअनुसारको आचरण र व्यवहार गर्न प्रेरित गर्ने कार्यमा सघाउने भएकाले पुस्तकालयीय प्रयोजनका दृष्टिले यो अध्ययन औचित्यपूर्ण रहेको कुरा सिद्ध हुन्छ । लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासको मात्र अध्ययन गर्नुलाई यस लेखको कृतिगत तथा अतियथार्थवादका पुराना र परम्परागत मूल्य, मान्यता, सभ्यता र संस्कृतिको अस्वीकार, उपेक्षित र किनाराकृत वर्गलाई सर्वोपरि महत्त्व, साहित्यलाई अत्यधिक बौद्धिक, तार्किक र व्यवस्थित बनाउने कुराप्रतिको असहमति, सहजानुभूति र भावातिरेक कल्पनामा जोड, स्वतन्त्रता र प्रेमलाई बढी प्राथमिता, स्वप्न, दिवास्वप्न, तन्द्रा, भय र अप्रत्याशित घटनाको प्रस्तुति, अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रण, स्वचालित लेखन पद्धतिको प्रयोग, जीवनको एकान्त काल्पनिक पक्षका साथै व्यक्तित्वको अन्तर्विरोधको उद्घोष, वैयक्तिकता र विद्रोहात्मकता, मानवीय क्रियाकलाप र कर्तुतप्रति तीखो व्यङ्ग्य तथा मानवताको खस्कँदो अवस्थाको चित्रणजस्ता विश्लेषणीय प्रारूपहरूको मात्र उपयोग गर्नुलाई यस लेखको सैद्धान्तिक क्षेत्रका रूपमा वरण गरिएको छ

भने लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासबाहेकका अन्य कृति तथा अतियथार्थवादका उपर्युक्त सूचकबाहेकका अन्य पक्षको अध्ययन नगरिनुलाई यस लेखको कृतिगत र सैद्धान्तिक सीमा मानिएको छ ।

## २. अध्ययनविधि र प्रक्रिया

प्रस्तुत लेखको पूर्णताका निम्ति अवलम्बित अध्ययनविधिलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### सामग्री सङ्कलन

प्रस्तुत लेखको प्राथमिक स्तरको सामग्रीका रूपमा लैनसिंह बाङ्देलको *लङ्गडाको साथी उपन्यास* तथा द्वितीयक स्तरको सामग्रीका रूपमा अतियथार्थवादको सैद्धान्तिक पर्याधार एवम् कृति विश्लेषणका लागि अर्थापनको विधि र ढाँचा निर्धारण गर्न विभिन्न अध्येताद्वारा गरिएका पूर्वकार्यहरूलाई उपयोगमा ल्याइएको छ। सोद्देश्य नमुना छनोट विधिको प्रयोगका माध्यमबाट यस अध्ययनको मुख्य सामग्रीको चयन गरिएको छ ।

### सामग्री विश्लेषणको सैद्धान्तिक पर्याधार

समाज र साहित्य दुवै क्षेत्रबाट उपेक्षित र किनाराकृत वर्ग र समुदायको केन्द्रीयतामा प्राकृतिक यथार्थको समेत अतिक्रमण गरी साहित्य लेख्नुपर्ने तथा साहित्यिक कृतिको मूल्याङ्कन गर्नुपर्ने मान्यताका साथ स्थापित वाद नै अतियथार्थवाद हो । अङ्ग्रेजी भाषाको Surrealism को पर्यायका रूपमा नेपालीमा प्रचलित अतियथार्थवादले यथार्यभन्दा पर, यथार्थभन्दा बढी, यथार्थभन्दा माथिल्लोलगायतका अर्थबोध गराउँछ । यथार्थभन्दा पर जुन यथार्थ होइन, त्यससँग सम्बन्धित साहित्यिक वाद नै अतियथार्थवाद हो । स्वप्नमा अनुभूत गरिएझैँ काल्पनिक अभिव्यक्ति तथा चेतन मनको नियन्त्रणविहीन अतार्किक प्रस्तुतिलाई महत्त्व दिने आन्दोलन नै अतियथार्थवाद हो (एटम, २०७४, पृ.१६) । यस वादले वास्तविकताको सीमाभन्दा पर पुग्ने प्रयासलाई बोध गरउँछ (Baldick, 2015, p.348) । क्रिस्ताँ जाराद्वारा सन् १९१६ मा स्विटजरल्यान्डको जुरिचमा प्रथम विश्वयुद्धले पारेको नराम्रो प्रभाव तथा युवाहरूमा बढेको निराशाको परिणामस्वरूप स्थापित दादावादको पृष्ठभूमि तथा प्रथमतः जी एपोलिनेयरद्वारा नामकरण गरिएको अतियथार्थवादको स्थापना फ्रान्सेली कवि आन्द्रे ब्रताँले सन् १९२४ मा घोषणापत्रको प्रकाशनमार्फत् गरेका हुन् (शर्मा र लुइटेल, २०६१, पृ.३३२–३३४) । आन्द्रे ब्रताँद्वारा सन् १९३० मा दोस्रो घोषणापत्र प्रकाशनका माध्यमबाट सैद्धान्तिक अवधारणा स्पष्ट गरिएको अतियथार्थवादले सबैभन्दा बढी फ्रान्स र त्यसपछि इङ्लैन्डमा प्रसिद्धि हासिल गर्दै विभिन्न भाषा र देशको साहित्यिक क्षेत्रमा प्रविष्टि प्राप्त गरेको देखिन्छ (जोशी, २०६६, पृ.७०-७१) । वासुदेव त्रिपाठी (२०६५) ले अतियथार्थवादलाई दादावादको पूर्व रूप मानेका छन् (पृ. ८७) । उपर्युक्त तथ्यले अतियथार्थवादको स्थापना र प्रसिद्धिको कुरालाई प्रस्ट्याएका छन् ।

साहित्य र समाजबाट किनाराकृत वर्ग तथा नवीन लेखन पद्धतिको अवलम्बन गरी साहित्य लेख्न अभिप्रेरित गर्नु नै अतियथार्थवादको केन्द्रीय मान्यता हो । फ्रायडको अचेतन मनको अवधारणामाथि आधारित अतियथार्थवाद त्यस्तो स्वचालित लेखनको परिचायक हो, जसमा सामाजिक, बौद्धिक, नैतिक आदि कुनै पनि प्रकारको नियन्त्रण हुँदैन र नैतिक उपदेश, सामाजिक रूढि, सांस्कृतिक परम्परा आदि सबै अर्थहीन मानिन्छन् (मिश्र, सन् २०११, पृ.२३०)। स्वतन्त्रता तथा प्रेमलाई बढी प्राथमिकता दिने अतियथार्थवादले मानिस सधैँ कलङ्करहित र पूर्ण नरहने तथ्य अघि सार्दै मानिसका साथ त्रुटि र अपूर्णता सदैव रहिरहने तर्क राखेको पाइन्छ ( मिश्र, सन् २०११, पृ. २३१) । अचेतन जगत्लाई चेतनभन्दा बढी यथार्थ र महत्त्वपूर्ण मान्ने अतियथार्थवादले अचेतनमा डुबेको अंशलाई उद्घोष गर्ने कार्यलाई आफ्नो लक्ष्य ठान्दै फ्रायडको स्वप्न सिद्धान्तबाट पनि पर्याप्त सहयोग ग्रहण गर्दछ (गुप्त, सन् २००६, पृ.१९६) । पाठकलाई आकर्षित गर्न सक्ने विषयवस्तुको प्रस्तुति साहित्यमा हुनुपर्दछ (प्रकाश, सन् २०१४, पृ.१२९) ।

अनीश्वरवादमा आधारित, जीवनदर्शन तथा कलात्मक शल्यक्रियामा अव्यवस्थाका भावनालाई पूर्ण रूपेण प्रश्रय दिने अतियथार्थवादले कलालाई अत्यधिक बौद्धिक र जटिल बनाउन नहुने अभिमत राख्दै जीवनको एकान्त काल्पनिक पक्षलाई बढी महत्त्व प्रदान गर्नुका साथै व्यक्तित्वको अन्तर्विरोधको चित्राङ्कनलाई आफ्नो मुख्य ध्येय मान्दछ (वर्मा, वर्मा, चतुर्वेदी, रघुवंश र भारती, सन् २०१०, पृ.१०-११) । यसलाई स्वच्छन्दतावादको चरम विकसित स्वरूप तथा यथार्थवादको विरोधीका रूपमा पनि चिन्ने गरिन्छ ।

अतियथार्थवादले चेतन र अचेतन, सत् र असत्, चिन्तन र कार्य, सामाजिक नियन्त्रण आदिको सीमाको अतिक्रमण गर्दछ । यस वादले चेतन र अचेतन मनबिचको पर्खाल भत्काएर साहित्यलाई सामाजिक वा अन्य नियन्त्रणहरूबाट मुक्ति दिलाउँछ र यस्तो प्रकारको अतियथार्थवादको निर्माण गर्न चाहन्छ, जहाँ सत् र असत् तथा चिन्तन र कार्यका बिच कुनै अन्तर हुँदैन र दुवै मिलेर एक हुन जान्छन् (मिश्र, सन् २००४, पृ. २३०) । यस वादले मानवमनका दमित वासनाहरूको अङ्कनलाई महत्त्व दिन्छ (सिंह, सन्, २०१२, पृ.११) । मार्क्सवादबाट कुनै न कुनै रूपमा प्रभावित रहेको अतियथार्थवाद विद्रोही प्रकारको देखिन्छ । इन्द्रियले स्वीकार गरेको यथार्थलाई बाह्य यथार्थ मान्दै अन्तर्मनभित्रका दिवास्वप्न, तन्द्रा, भय, अप्रत्याशित घटना तथा अवचेतन मनभित्रका वासनाजन्य तथ्यहरूलाई यस वादले बढी प्राथमिकता दिन्छ (Abrams and Harpham, 2020, p.190-191) । उपर्युक्त विचारहरूलाई समेत दृष्टिगत गर्दा पुराना र परम्परागत मूल्य, मान्यता, सभ्यता, रूढि, व्यवस्था एवम् तथाकथित नैतिकतालाई पूर्ण रूपले अस्वीकार गर्नु, प्राकृतिक यथार्थको दायरालाई भत्काउँदै साहित्यिक क्षेत्रबाट उपेक्षित भएका र स्थान नपाएकाहरूलाई महत्त्व दिई चित्रण गर्नुपर्ने मान्यता राख्नु, साहित्यलाई अत्यधिक बौद्धिक, तार्किक र व्यवस्थित बनाउने कुराको विरोध गर्दै साहित्यलाई बुद्धिविवेकको नियन्त्रणबाट मुक्त गर्नुपर्ने तर्क अघि सार्नु, जीवनमा सहजानुभूति र भावातिरेक कल्पनालाई बढी प्रिय मानी अघि बढ्ने प्रवृत्तिको अवलम्बन गर्नु, स्वतन्त्रता र प्रेमलाई बढी प्राथमिकता दिँदै मानिस सधैँ कलङ्करहित र पूर्ण नहुने भन्दै मानिसका साथ त्रुटि र अपूर्णता सदैव रहिरहने तर्क राख्नु, दिवास्वप्न, स्वप्न, तन्द्रा, भय, अप्रत्याशित घटना तथा अवचेतन मनभित्रका वासनाजन्य तथ्यहरूलाई बढी प्राथमिकता दिनु, अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रणमा जोड दिनु, स्वचालित लेखनलाई बढी महत्त्व दिनु, जीवनको एकान्त काल्पनिक पक्षलाई बढी महत्त्व प्रदान गर्नुका साथै व्यक्तित्वको अन्तर्विरोधको चित्राङ्कनलाई स्थान दिनु, ईश्वरीय सत्तालाई अस्वीकार गर्दै अनीश्वरवादी जीनवदर्शनलाई आत्मसात् गर्नु, वैयक्तिकता र विद्रोहात्मकतालाई प्राथमिकता दिनु, मानवीय क्रियाकलाप र कर्तुतप्रति तीखो व्यङ्ग्य प्रहार गर्नु, मानवताको खस्कँदो अवस्थाको चित्रण गर्नुजस्ता अतियथार्थवादका प्रमुख मान्यताका रूपमा रहेको तथ्य प्राप्त हुन्छ । अतियथार्थवादका यिनै मान्यताको केन्द्रीयतामा प्रस्तुत अध्ययनलाई सम्पन्न गरिएको छ ।

**अर्थापनको विधि र ढाँचा**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी उपन्यासको* अतियथार्थवादी कोणबाट वस्तुपरक विश्लेषण गर्नाका निम्ति यस लेखमा गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । प्रस्तुत लेखको विश्लेषणका सूचकमा पुराना र परम्परागत मूल्य, मान्यता, सभ्यता र संस्कृतिको अस्वीकार, उपेक्षित र किनाराकृत वर्गलाई सर्वोपरि महत्त्व, साहित्यलाई अत्यधिक बौद्धिक, तार्किक र व्यवस्थित बनाउने कुराप्रतिको असहमति, सहजानुभूति र भावातिरेक कल्पनामा जोड, स्वतन्त्रता र प्रेमलाई बढी प्राथमिता, स्वप्न, दिवास्वप्न, तन्द्रा, भय र अप्रत्याशित घटनाको प्रस्तुति, अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रण, स्वचालित लेखन पद्धतिको प्रयोग, जीवनको एकान्त काल्पनिक पक्षका साथै व्यक्तित्वको अन्तर्विरोधको उद्घोष,

वैयक्तिकता र विद्रोहात्मकता, मानवीय क्रियाकलाप र कर्तुतप्रति तीखो व्यङ्ग्य तथा मानवताको खस्कँदो अवस्थाको चित्रण रहेका छन् । यिनै सूचकहरूको केन्द्रीयतामा उक्त उपन्यासको विश्लेषण र नतिजा यस लेखमा निकालिएको छ ।

### ३. विमर्श तथा परिणाम

आफ्नो आर्थिक अवस्था सुदृढ पार्ने तथा जीवनलाई समुन्नत बनाउने लक्ष्यका साथ विदेशी भूमिमा पसी कामको सिलसिलामा अपाङ्ग भई भिखारीको जीवनयापन गर्न बाध्य भएको निम्नवर्गीय, असहाय, उपेक्षित र पीडित पात्र लङ्गडाको जीवनकहानीमा लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यास आधारित रहेको छ । निर्धारित सूचकका आधारमा प्रस्तुत उपन्यासको सूक्ष्म पठन गरी प्राप्त तथ्य, साक्ष्य र उद्धरणको केन्द्रीयतामा यस लेखको विमर्श र नतिजालाई  निम्नअनुसार प्रस्तुत गरिएको छ :

#### पुराना र परम्परागत मूल्य, मान्यता, सभ्यता, संस्कृति एवम् तथाकथित नैतिकतालाई अस्वीकार

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासले कुनै उच्च वर्गीय पात्र, उदात्त र आदर्श खालको घटना नलिई अपाङ्गताका कारण मगन्ते जीवनयापन गरिरहेको अपहेलित, पीडित र उपेक्षित पात्र लङ्गडा र उसको जीवनको कथाव्यथालाई आफ्नो वर्ण्यविषय बनाई साहित्यको पुराना र परम्परागत मूल्य एवम् मान्यतालाई भत्काएको छ । यसैगरी मान्छे आदर्शको पुञ्ज हो, सभ्यताको परिचायक हो, ज्ञान, बुद्धि र विवेकको खानी हो, दुनियाँको सर्वश्रेष्ठ प्राणी हो भन्ने मान्यता प्रस्तुत उपन्यासको सन्दर्भमा नक्कली साबित भएको छ । प्रस्तुत उपन्यासको केन्द्रीय पात्र लङ्गडालाई सरकार एवम् मानिसहरूले सहानुभूति र सहयोग गर्नुपर्नेमा एक दुईजना मान्छेबाहेक सरकार तथा मान्छे सबै गैरजिम्मेवार र कर्तव्यविमूढ देखिनु, लङ्गडालाई भुइँभालु भन्नु, थर्काउनु, एवम् भयपूर्ण वातावरणको सिर्जना गर्नेलगायतका क्रियाकलापले माथि उल्लिखित प्रवृत्तिको झल्को दिएका छन् । यस कुरालाई तलको औपन्यासिक अंशद्वारा थप प्रस्ट्याइएको छ :

> मानिसहरूले उसलाई लङ्गडा भनी उसका बिग्रेका अङ्गहरूलाई देखाएर ठट्टा गर्थे - जिस्काउँथे । .... सहरका बदमास केटाकेटीहरूको एक दल थियो - तिनीहरू उसलाई भुइँभालु भनी खिज्याउँथे । उसले सुन्दर ठानेको संसारमा रहेर पनि आज ऊ समाजदेखि धेरै पर माग्ने भिखारीको एकान्त संसारमा आफूलाई एक्लै बसेको पायो । .... पुलिसलाई देख्नासाथ ऊ  झस्क्यो । ऊ भित्तापट्टि टाँसियो र सास रोकेर बसिरह्यो । उसको मुटु ढुकढुक गर्न थाल्यो । उसका दुबै आँखा चञ्चल भई  उठे । उसका दुबै कानले जुत्ताको त्यो भद्दा आवाजलाई अनुसरण गरिरहेका थिए । .... त्यो आवाज हरायो । लङ्गडाले लामो निःश्वास लियो । (पृ.६, ३७, ५० र ५१) ।

उपर्युक्त औपन्यासिक अंशले शास्त्रीय सिद्धान्तको मान्यतालाई अस्वीकार गर्दै सबाल्टर्न वर्गीय पात्रलाई उपन्यासको केन्द्रविन्दु बनाइएको, सुरक्षाको प्रत्याभूति गराउने प्रहरीबाटै लङ्गडा असुरक्षित रहेको तथा विद्यार्थीसमेतको उपेक्षा र मनोरञ्जनको साधन बनेको कुरालाई छर्लङ्ग्याएको  छ । अतः यस उपन्यासमा पुराना र परम्परागत मूल्य, मान्यता, सभ्यता, संस्कृति एवम् तथाकथित नैतिकतालाई अस्वीकार गरिएको सार प्राप्त हुन्छ ।

#### प्राकृतिक यथार्थप्रतिको अतिक्रमण तथा उपेक्षित र किनाराकृत वर्गलाई सर्वोपरि महत्त्व

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा प्राकृतिक यथार्थप्रतिको अतिक्रमण तथा  उपेक्षित र किनाराकृत वर्गलाई सर्वोपरि महत्त्व दिने वैशिष्ट्यको प्रस्तुति गरिएको छ । मान्छेको साथी मान्छे, भेडाको साथी भेडा र कुकुरको साथी कुकुर हुन्छ भन्ने प्राकृतिक यथार्थको विरुद्धमा मानवीय पात्र लङ्गडाको साथी मानव नभई मानवेतर प्राणी कुकुर हुनु भनेको प्राकृतिक

यथार्थको सीमाको अतिक्रमण गर्नु हो । प्रस्तुत उपन्यासको शीर्षकीकरणमा नै उक्त प्रवृत्ति देखिएको छ । ठुलाबडाले मात्र साहित्यमा स्थान पाइरहेको अवस्थामा उपेक्षित र अपहेलित भएका तथा स्थान नपाएका वर्गलाई स्थान दिनुपर्ने अतियथार्थवादी मान्यतालाई लेखक बाङ्देलले स्वयम् आफ्नो 'दुई शब्द' मा यसरी व्यक्त गरेका छन्, "हामीलाई यो नवीन युगमा गगनचुम्बी महलतिर हैन, बरु युगकालीन झुप्रोतिर हेर्ने बुद्धि आओस् । हामीलाई ऐय्यासीको पेटभित्र हैन तर गरिब र माग्ने हतभागीहरूको मनकोठरीभित्र डुल्ने विचार आओस् (२०४४, पृ.ङ) । प्रस्तुत उपन्यासमा यसै अभिमत र प्रवृत्तिको बहुलता पाइन्छ, जसलाई निम्नअनुसार उल्लेख गरिएको छ :

> त्यो एउटा उराठलाग्दो झुप्रो थियो-भित्ताको सहारामा एक दुई काठ गाडी टिनले बारेर एउटा मानिस सुत्नसम्म हुने सानो ठाउँ बनाएको थियो । त्यहाँ न बलियो ढोका थियो न भित्ता, न त बिजुली । ढोकाको नाउँमा दुई चारओटा मकिसकेका काठ जोडेर आग्लो लाउनेसम्म बनाएको थियो । त्यहाँ आधुनिक फर्निचरको नाउँमा केवल धुलोसरीको भुइँमा चारओटा पुराना फल्याक मात्र ओछ्याइएका थिए । त्यही ठाउँमा एउटा कुकुर गुडुल्किएर कुनापट्टि सुतिरहेको थियो । अनि त्यसैको छेउमा एक जना मानिस पनि आफ्नो बोरा थाङ्नामा गुटुमुटु भएर एक डल्लो परी निर्विकार अवस्थामा सुतिरहेको थियो । (पृ.४)

उक्त अंशले एउटा निरीह, असहाय र अशक्त, परिवारविहीन एवम् आर्थिक अवस्था अत्यन्त दयनीय रहेको तथा जीवनपद्धति कहालीलाग्दो पात्र लङ्गडाको जीवनलाई आधार बनाएर प्रस्तुत उपन्यास लेखिएको कुरालाई प्रस्ट्याएको छ। मान्छेको साथी मान्छे हुनुपर्नेमा मानवपात्र लङ्गडाको साथी मानवेतर पात्र कुकुर हुन पुगेको कुरालाई प्रस्तुत उपन्यासले यसरी अघि सारेको छ :

> कुकुरलाई अँगालेर आफ्नो छातीमा टाँसी जीवनको एउटा साथी बनाउने इच्छा हुन्थ्यो । कुकुरलाई उसले बोलाएर खानेकुरा दिन्थ्यो र एक छिन मुसार्दथ्यो । कुकुर पनि अत्यन्त आनन्दले पुच्छर हल्लाउँदै लङ्गडाको मुखमा हेरिरहन्थ्यो । त्यो कुकुर पनि दिनभरि अब लङ्गडासितै बसिरहन्थ्यो -त्यो यताउता कतै नगई लङ्गडाकै पछिपछि जान्थ्यो । .... केही दिनपछि त्यो कुकर लङ्गडासितै बस्न थाल्यो । लङ्गडाले आफूले खाएको आधा रोटीको टुक्रासमेत कुकुरलाई दिन्थ्यो । (पृ.११-१२)

उल्लिखित अंशले लङ्गडाको साथी एउटा कुकुर बनेको, दुवै सँगै बस्ने, सँगै सुत्ने, सँगै खाने तथा दुवैका बिचमा हार्दिक प्रेम रहेको कुरालाई प्रस्ट्याएको छ । अतः यस उपन्यासमा प्राकृतिक यथार्थप्रतिको अतिक्रमण तथा साहित्यिक क्षेत्रबाट उपेक्षित र किनाराकृत वर्गलाई सर्वोपरि महत्त्व दिने वैशिष्ट्यको प्रस्तुति गरिएको सार प्राप्त हुन्छ ।

**साहित्यलाई अत्यधिक बौद्धिक, तार्किक र व्यवस्थित बनाउने कुराप्रतिको असहमति**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा चलनचल्ती र सामान्य जीवनमा निरन्तर प्रयोग हुने गरेका मौलिक स्रोतका शब्दावलीको प्रयोग गरिएको छ । अतियथार्थवाद मार्क्सवादमा आधारित हुन्छ । यी दुवै वादले साहित्य अत्यन्त सरल, सहज र सम्प्रेष्य हुनुपर्दछ भन्ने मान्यता अघि सारेका छन्, जुन मान्यताको अवलम्बन प्रस्तुत उपन्यासमा गरिएको छ । प्रस्तुत उपन्यास सामान्यभन्दा सामान्य पाठकका लागि पनि बोधगम्य रहेको छ । उपन्यासको सार ग्रहण गर्न पाठकले कुनै पनि प्रकारको बौद्धिक कसरत गर्नु पर्दैन, पाठकले अभिधा शब्दशक्तिकै माध्यमबाट बिनातर्क उपन्यासको सारवस्तु बोध गर्न सक्छ । उपन्यासभरिमा कतै पनि बौद्धिकता, तार्किकता, व्यवस्था आदिको प्रयोग गरिएको छैन । चाहे विद्यार्थीहरूले लङ्गडालाई गिज्याउने कुरा होस्,

चाहे भलादमीहरूले लङ्गडाको कुरूपतालई हेरेर हाँस्ने कुरा होस्, चाहे प्रहरीलाई देखेर लङ्गडा अत्यन्त भयभीत र त्रसित हुने कुरा होस्, चाहे लङ्गडालाई आफ्नो दलानबाट नालीमा हुत्याइदिने पसलेको कुरा होस् कहीँ पनि बौद्धिकता, तार्किकता, व्यवस्था र विवेकको उपयोग भएको देखिँदैन । छोटाछोटा र सरल प्रकृतिको वाक्यढाँचा, ठेट नेपाली र प्रचलित आगन्तुक शब्दको सरल प्रस्तुति, रैखिक कथानक ढाँचा, मानवीय क्रियाकलापको आलोचनात्मक प्रस्तुति आदिको प्रयोगले प्रस्तुत उपन्यास अतियथार्थवादी बनेको छ । अतं उक्त उपन्यासमा साहित्यलाई अत्यधिक बौद्धिक, तार्किक र व्यवस्थित बनाउने कुराको विरोध गर्दै बुद्धिविवेकको नियन्त्रणबाट मुक्त गर्नुपर्ने अतियथार्थवादी  मान्यताको अवलम्बन गरिएको कुरा स्पष्ट हुन्छ ।

**सहजानुभूति र भावातिरेक कल्पनामा जोड**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा जीवनमा सहजानुभूति र भावातिरेक कल्पनालाई बढी प्रिय मानी अघि बढ्ने प्रवृत्तिको अनुसरण गरिएको छ । ‘सहजानुभूति’ ले सजिलैसँग हुने अनुभूति र ‘भावातिरेक’ ले भावको प्रचुरता वा प्रबलता भन्ने अर्थबोध गराउँछन् । यस प्रवृत्तिको प्रयोग प्रस्तुत उपन्यासमा अत्यन्त सटीक ढङ्गले गरिएको छ । लङ्गडाले आफूलाई हेला, तिरस्कार र दुर्व्यवहार गर्ने, गिज्याउने तथा दया गर्ने व्यक्तिहरूको क्रियाकलापलाई अत्यन्त सहजतापूर्वक स्वीकार गर्ने गरेको चित्रण पनि उक्त उपन्यासमा यसरी गरिएको छ :

> त्यसै बखत स्कुल जान लागेका ठिटाहरूको एउटा दल मोडमा आइपुगेको थियो । लङ्गडालाई देख्नासाथ उनीहरू एक स्वरले ‘भुइँ भालु’ भनेर कराए । लङ्गडा नसुन्यै जस्तो गरेर हतारहतार सिमेन्टको सिँढीबाट ओर्ली देब्रे गल्लीमा चाँडचाँडै हात खुट्टाले घस्रँदै भाग्न थाल्यो । .... तर मोटर बेगले हानिएर सडकको छेउतिर गयो र लङ्गडा अलिकतिले बाँच्यो तर लङ्गडालाई त्यो केही जस्तो लागेन । .... त्यो मान्छे आफ्नो भद्दा जुत्ता ग्र्याप्प्ग्र्याप्प बजाउँदै लङ्गडाको छेउमा आयो र भन्यो -“.... आँखा छैन ? छेउ लागेर हिँड्नुपर्छ नि ! मोटरले किचेको भए .... हेर, आन्द्राभुँडी निस्कने ....’ लङ्गडाले त्यो मानिसको मुखमा पुलुक्क हेर्‍यो । त्यसले बोलेको भाषा नबुझ्ेजस्तो गरेर त्यस मानिसको अनुहार वाल्ल परेर हरिरह्यो । (पृ.४२, ५७ र ५८)

प्रस्तुत गद्यांशले विद्यार्थीहरूले लङ्गडालाई गिज्याउने, यातायातको साधनको कुल्चाइबाट जोगिएको अवस्थामा एक यात्रीले लङ्गडाप्रति गरेको टिप्पणी र जोगिएको घटनालाई सामान्य र सहज रूपले लङ्गडाले वरण गरेको कुरालाई छर्लङ्ग्याएको छ । यसैगरी राम्राराम्रा लुगाकपडा लगाई सजिएर बाटामा हिँडिरहने युवायुवतीलाई हेरेर आफ्नो वास्तविकता बिर्सी लङ्गडा घन्टौँ आफ्नै संसारमा डुबिरहनु, हुस्सुले ढाकेको पृथ्वी हेरी आनन्दित हुनु, बाहिर पानी परिरहँदाको अवस्थामा आफू र आफ्नो जीवनलाई बिर्सेर कल्पनामा रमाउनु, जुबिली सेनिटोरियममा बस्ने मानिसहरूको आराम र ऐश्वर्यलाई बुझ्ने कोसिस गर्नु, बङ्गाली परिवारकी सुन्दरी युवती भेट्दा जहिले पनि एक रुपैया दिने गरेको कुरा एवम् युवतीको सुन्दर अनुहारलाई बारम्बार सम्झँदै रात बिताइदिनु, चिलजस्तै भएर देशविदेश भ्रमण गर्नेलगायतका कुरा मनमा खेलाउनु भनेको भावातिरेकको प्रतिफल नै हो । यस कुरालाई उक्त कृतिको निम्नलिखित औपन्यासिक अंशद्वारा थप प्रस्ट्याइएको छ :

> एक दुई मानिसले लङ्गडाको अघिल्तिर दुईचार पैसा फालिदिए । लङ्गडाले केही नबोली पैसा टिप्यो र शून्य दृष्टिले टाढातिर हेरिरह्यो । एउटा चिल आएर बाटामुनिको चाँपको रुखको एउटा हाँगोमा बस्यो लङ्गडाले त्यो चिललाई हेर्‍यो । आज उसलाई आफू पनि त्यो चिलजस्तै भएर आकाशआकाश उड्दै सहर, पहाड, जङ्गल, खोलानाल काटी मुलुकमुलुक डुल्ने इच्छा भयो .... देश विदेश हेर्ने इच्छा भयो  । (पृ.५२-५३)

प्रस्तुत गद्यांशले उक्त उपन्यासको केन्द्रीय पात्र लङ्गडाको चरित्रमा भावातिरेक कल्पनाको प्रयोग गरिएको कुरालाई छर्लङ्ग्याएको छ। उल्लिखित तथ्यहरूलाई वरण गर्दा मानव जीवनमा सहजानुभूति र भावातिरेक कल्पनालाई बढी प्रिय मानी सोहीअनुसारका आचरण र व्यवहारको अवलम्बन गर्ने प्रवृत्तिको अनुसरण यस उपन्यासमा गरिएको निष्कर्ष प्राप्त हुन्छ।

**स्वतन्त्रता र प्रेमलाई बढी प्राथमिता**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा स्वतन्त्रता र प्रेमलाई बढी प्राथमिता दिइएको छ। शक्तिको होडबाजीका कारण विश्वयुद्ध भई मान्छेको बाँच्न पाउने अधिकार र स्वतन्त्रता कुण्ठित भएको परिस्थितिबाट स्थापित दादावाद र त्यसको प्रभावबाट जन्मिएको अतियथार्थवादले स्वतन्त्रता र प्रेमलाई बढी प्राथमिकता दिन्छ। लङ्गडा एकान्तमा बस्नु र चिलजस्तो भएर देश विदेश घुम्न खोज्नु, भद्रभलादमीहरू आफ्नै ढङ्गले हिँड्नु, युवायुवतीहरू सामाजिक लोकाचारलाई वास्तै नगरी एकअर्काका हातपाखुरा समातेर हिँड्नु, मनपरी गर्न खोज्नुजस्ता प्रस्तुत उपन्यासका कार्यव्यापारले स्वतन्त्रताको बोध गराउँछन्। प्रत्येक प्राणीका लागि प्रेम आवश्यक हुन्छ भन्ने कुरालाई यस उपन्यासले छर्लङ्ग्याएको छ। मानव भएर पनि मानवीय प्रेम नपाएको लङ्गडा अन्ततः एउटा कुकुरलाई साथी बनाई उसैबाट हार्दिक प्रेम ग्रहण गर्दछ। यहाँ एउटा लङ्गडा र अर्को कुकुरका बिचमा मित्रता कायम गराई उपन्यासकारले प्रेमको कुरालाई अघि बढाएका छन्। लङ्गडाले कुकुरलाई खानेकुरा खान दिनु, कुकुर पनि सधैँ लङ्गडाकै साथमा बस्नु, कुकुरलाई एक दिन पनि नदेख्दा लङ्गडा आत्तिनु, कुकुरलाई देखेपछि लङ्गडा एकदमै खुसी हुनु, एक दिन लङ्गडाले अलि बढी पैसा प्राप्त गरी आफू र कुकुरलाई मन पर्ने खानेकुरा किनी पेटभरी खानु, राति सँगै सुत्नु, कुकुर हराउनु, आफ्नो आत्मीय पात्र हराउँदा लङ्गडा साह्रै दुःखित भई त्यसैको खोजीमा भौतारिनु, कुकुरलाई कतै फेला पार्न नसक्नु, पानी परेकाले पूरै भिजी जाडोले थरथर काम्दै रातिको समयमा एउटा घरको दलानमा ओत लिन खोज्दा घरमालिकले निर्घात कुटी लङ्गडालाई नालीमा हुत्याइदिनु, भोलिपल्ट आफूलाई चारैतिरबाट प्रहरी र मान्छेले घेरेको पाउनु, लङ्गडाले कुकुरलाई देख्नु, कुकुरलाई अङ्गालो हाली अत्यन्त खुसी हुनु, लङ्गडाको मृत्यु हुनु, लङ्गडालाई कुकुरले नछोड्नु, लङ्गडा मसानमा पुऱ्याइएपछि कुकुर लङ्गडाकै खोजीमा लङ्गडा बस्ने र हिँड्ने गरेको हरेक ठाउँमा पुग्नु, कतै फेला नपार्नु, लङ्गडा मरेको करिब दस महिनापछि मसान घाटमा एउटा मान्छे र अर्को कुकुरको अस्थिपञ्जर जोडिएको अवशेष देखापर्नुजस्ता यस उपन्यासका क्रियाव्यापार र घटनाले लङ्गडा र कुकुरबिचको अत्यन्त निश्छल, निष्कपट, निःस्वार्थी र हार्दिक प्रेमलाई स्पस्ट्याएका छन्। प्रस्तुत उपन्यासमा मानिस र कुकुरको जोडिएको अस्थिपञ्जरका माध्यमबाट मानव र मानवेतर प्राणीको आत्मीय सम्बन्धको चरमोत्कर्ष रूपको अङ्कन गरिएको छ (आचार्य, २०५९, पृ. ३०३)। जीवन र मरणको दोसाँधमा कुकुरलाई पर्खी बसेको लङ्गडाले आफ्नो प्रिय पात्रलाई देखेपछिको अवस्थाको चित्रण उपन्यासमा निम्नअनुसार गरिएको छ :

> कुकुरलाई देख्नासाथ लङ्गडाको आँखा हर्षले एकदम उज्यालो भयो। अनि उसले धेरै बेरसम्म मलिन ज्योतिले आफ्नो हराएको साथीलाई हेरिरह्यो। कुकुरले पनि खुसीले पुच्छर हल्लायो। लङ्गडाका आँखा आँसुले डबडब भए। उसले कुकुरलाई करुण दृष्टिले हेरिरहेको थियो। त्यो दृश्य जीवनको लामो यात्रामा जान लाग्दा कुनै आफ्नो आत्मीय बन्धुले रुँदै बिदा मागिरहेको जस्तो थियो। .... साह्रै कष्टसित उसले हात पसाऱ्यो र कुकुरलाई वर तानेर अङ्गालो हाल्यो तर उसको निःश्वास क्षीण हुँदै गइरहेको थियो - उसले दुई चार पल्ट खोक्यो र बाहुलाले मुख छोपेरे भुइँमा घोप्टियो। .... उसको साथी कुकुरले भने धेरै बेरसम्म लङ्गडालाई छोड्दै छोडेन। (पृ.७६-७७)

प्रस्तुत अंशले लङ्गडा र कुकुरका बिचको आत्मिक प्रेमको प्रस्तुति उक्त उपन्यासमा गरिएको कुरालाई सिद्ध गरेको छ । यस उपन्यासमा घटित यी र यस्ता अन्य घटनाले मान्छेले मात्र होइन, पशुले पनि प्रेम गर्न जानेको हुन्छ भन्ने कुरालाई सत्य साबित गरेका छन् । अतः उक्त उपन्यासमा स्वतन्त्रता र प्रेमलाई बढी प्राथमिता दिइएको कुरा छर्लङ्ग हुन्छ ।

**स्वप्न, दिवास्वप्न, तन्द्रा, भय र अप्रत्याशित घटनाको प्रस्तुति**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा स्वप्न, दिवास्वप्न, तन्द्रा, भय र अप्रत्याशित घटनाको प्रस्तुति गरिएको छ । दिउँसो मनले माग्ने खानेकुरा आफू र कुकुरलाई खुवाई राति निदाउँदाको अवस्थामा सपनामा लङ्गडाले कुकुर सुतेको र आफू सडकमा बसिरहेको, आकाशबाट गिद्ध आई कुकुरको मासु लुछ्न लागेको, कुकुर कराएको, गिद्ध उडेर गएको, कुकुर बाँचेको, अर्को गिद्ध आई लङ्गडाको जीउमा बसेर उसको निधार ठुग्न लागेको, पछि धेरै गिद्धहरू आई लङ्गडाको शरीरको मासु लुछेर हाड मात्रै बाँकी रहेको जस्ता कुराहरू देख्नुले उक्त उपन्यासमा स्वप्निलताको प्रयोग गरिएको कुरा प्रस्ट हुन्छ । अन्य ठाउँमा पनि सपनाको प्रयोग गरिएको प्रस्तुत उपन्यासमा कुकुर हराएपछि लङ्गडामा दिवास्वप्न र तन्द्रावस्थाको बढी प्रबलता पाइन्छ । यस कुरालाई तलको उपन्यास अंशद्वारा थप स्पस्ट्याइएको छ :

> लङ्गडा उठेर टुकरुक्क बस्यो । .... उसका आँखालाई गम्भीर नैराश्यले ढाकिसकेको थियो । उसको दृष्टि देब्रेतिरको भित्तामा टाँसिएको थियो । एकोहोरो हेरिरहँदा त्यहाँ कुकरको चित्र देखियो, फेरि मान्छेको टाउकोजस्तो चित्र पनि देखियो, कहिले धेरै कुकुर मैदानमा एक साथ निस्केको जस्तो देखियो, कहिले भैँसी जस्तो पनि देखियो- यसो हुँदाहुँदै त्यहाँ धेरै गिद्धहरूको चित्र देखियो .... अनि लङ्गडा झस्क्यो । (बाङ्देल, २०४४, पृ.४९) ।

प्रस्तुत अंशले कुकुर हराएपछिको अवस्थामा अत्यधिक चिन्तित भई कुकुरकै खोजीमा भौतारिरहेको लङ्गडा तन्द्रा अवस्थाबाट समेत प्रवाहित भइरहेको कुराको अङ्कन उक्त उपन्यासमा गरिएको विषयलाई छर्लङ्ग्याएको छ । यसैगरी विद्यार्थीहरू, प्रहरी, कतिपय भलादमीहरूको क्रियाकलाप र दुर्व्यवहारबाट लङ्गडा भयभीत र त्रसित भई उनीहरूबाट आफूलाई जोगाउनाका निम्ति लुक्ने, श्वासप्रश्वास पनि रोक्न खोज्ने र बढी सावधानी अपनाउनेजस्ता क्रियाकलापले उक्त उपन्यासमा भयको प्रयोग भएको कुरालाई सिद्ध गरेका छन् । त्यसैगरी लङ्गडाको पैसा र कुकुर हराउनु, लङ्गडाले सम्भावित सबै ठाउँमा कुकुरलाई खोज्दा कतै फेला नपार्नु, मृत्युकै नजिक पुगेको आफ्नो जीवनको अन्तिम क्षणमा हराएको कुकुर एकाएक लङ्गडाको समीपमै देखापर्नु, एउटा मान्छेले मान्छे साथी नपाई कुकुरलाई नै साथी बनाउनु, कुकुर पनि अत्यन्त वफादारीका साथ मित्रताको कर्तव्य र दायित्व पूरा गर्नु, एउटा मान्छे र अर्को कुकुरको अस्थिपञ्जर जोडिएको दृश्य मसानघाटमा देखापर्नुजस्ता घटनावलीले अप्रत्याशित घटनाको झल्को दिएका छन् । उल्लिखित तथ्यहरूलाई अवलम्बन गर्दा यस उपन्यासमा स्वप्न, दिवास्वप्न, तन्द्रा, भय र अप्रत्याशित घटनाको प्रस्तुति गरिएको सार प्राप्त हुन्छ ।

**अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रण**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासका स्कुले केटाकेटीहरूले लङ्गडालाई भुइँभालु भन्नुका साथै हिउँको डल्लाले हान्नु, मान्छेको जनसङ्ख्या बढे पनि लङ्गडाले मान्छे साथी नपाउनु, कुकुर लङ्गडाको साथी हुनु, लङ्गडा र कुकुर सँगसँगै बस्नु, सुत्नु र हिँड्नु, भलादमीजस्ता देखिने व्यक्तिहरूले लङ्गडाप्रति दुर्व्यवहार र घृणा गर्नु, जाडो याममा पानी पर्दा मुटु कमाउने विषम परिस्थितिबाट जोगिन ओत लिन खोज्दा पनि लङ्गडाले ओत नपाउनु, असहाय, अपाङ्ग र परिवारविहीन लङ्गडाको पैसा चोरिनु, नागरिक तथा

सर्वसाधारणलाई कानुनको प्रत्याभूति दिलाई जीव र धनको सुरक्षा गर्ने सरकारको प्रतिनिधि पुलिसबाट सुरक्षा र सहयोग पाउनुका सट्टा लङ्गडा उल्टै भयभीत र त्रसित भई झन् असुरक्षित भएको महसुस गर्नु, आफू माग्ने लङ्गडो भएको बताए पनि पानीले निथ्रुक्क भई जाडोले कठ्याङ्ग्रिएको लङ्गडालाई घरमालिकले लठ्ठीले प्रहार गरी रक्ताम्मे बनाई नालीमा हुत्याउनु, सडकमा जीवन र मरणको दोसाँधमा बाँचिरहेको लङ्गडालाई अस्पतालमा पुऱ्याउनुका सट्टा सरकारी प्रतिनिधि प्रहरीलगायतका मानिसहरूले चारैतिरबाट घेरी रमिते बन्नु, मानवताको संरक्षणभन्दा मानिसहरूको ध्यान चलचित्र, रक्सी, वेश्यावृत्ति आदितर्फ केन्द्रित हुनु, मान्छे र कुकुरको अस्थिपञ्जर जोडिएको दृश्य मसानघाटमा देखापर्नुजस्ता कार्यव्यापार र घटनावलीले अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रण उक्त उपन्यासमा गरिएको कुरालाई प्रस्ट्याएका छन् । कृष्णचन्द्रसिंह प्रधान (२०६१) ले लङ्गडा बाँचेको समाज विशृङ्खलित र कठोर रहेको विचार व्यक्त गरेका छन् (पृ.२४६) । यस कुरालाई तलको उपन्यास अंशद्वारा थप प्रस्ट्याइएको छ :

> संसारमा ऊ त एउटा विकृत अङ्ग भएको निर्बल प्राणी न थियो । यसैले मानव संसारभित्र भए पनि ऊ समाजहीन थियो । लङ्गडाको अवस्थामाथि न कसैले दया गर्थ्यो, न कसैले त्यति गम्भीर विचार गर्थ्यो । .... स्कुलका विद्यार्थीहरू, अड्डामा जाने किरानीहरू, बजारका पसलेहरू सबै लङ्गडालाई रोजै यता र उता घस्रिरहेको वा सडकको छेउमा बसेर मागिरहेको देख्थे । तर कसैलाई त्यस लङ्गडाको वास्तविक अवस्थामाथि विचार गर्ने अवकाश नै थिएन । कहिलेकाहीँ भावुक भएर लङ्गडाले यी कुराहरू विचार गरिरहन्थ्यो ।
>
> (पृ.२५)

प्रस्तुत औपन्यासिक अंशले मान्छे भएर पनि लङ्गडाले मान्छे साथी नपाउनु, भद्रभलादमी कहलिएका व्यक्तिहरूले भलादमीपना नदेखाउनु, लङ्गडाप्रति सहानुभूति देखाउन नसक्नुजस्ता तथ्यका माध्यमबाट उक्त उपन्यासमा अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रण गरिएको कुरालाई पुष्टि गरेका छन् । उल्लिखित तथ्यहरूलाई वरण गर्दा उक्त उपन्यासमा अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रण गरिएको निष्कर्ष प्राप्त हुन्छ ।

**स्वचालित लेखन पद्धतिको अनुसरण**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा स्वचालित लेखन पद्धतिको अनुसरण गरिएको छ । मनमा उत्पन्न हुने भावलाई छाँटकाँट नगरीकनै जस्ताको तस्तै रूपमा अभिव्यक्त गरी साहित्य लेख्नुपर्ने मान्यता राख्ने लेखन नै स्वचालित लेखन हो । सहज लेखनका नामले पनि चिनिने यस लेखनमा क्रमबद्धता र अन्विति हुँदैन, बरु विशृङ्खलता, क्रमहीनता र अन्वितिहीनताको अवस्था बढी पाइन्छ । धार्मिक मान्यता, सामाजिक मूल्य, शास्त्रीय अनुशासन, शैलीशिल्पगत नियम इत्यादि प्राचीनतम् मान्यता र प्रविधि अस्वीकार गरी आन्द्रे ब्रताँले अवचेतन मनलाई स्वाभाविक, स्वच्छन्द र मूर्त ढङ्गमा अभिव्यक्त गर्ने तरिका वा ढङ्गका रूपमा स्वचालित लेखनलाई औँल्याएका छन (शर्मा र लुइटेल, २०६१, पृ.३३७) । अत्यन्त सहज, सरल र सम्प्रेष्य भाषाशैलीको प्रयोग गर्नु, सामान्य कथानक र उपेक्षित पात्रको प्रयोग गर्नु, लङ्गडाका मनमा तरङ्गित हुने मनका तरङ्ग र क्रियाकलाप यथास्थान र यथासमयमा देखापर्नुजस्ता प्रस्तुत उपन्यासका कार्यव्यापारले उक्त उपन्यासमा स्वचालित लेखनको प्रयोग गरिएको कुरालाई सिद्ध गरेका छन् । यस कुरालाई तलको उपन्यास अंशद्वारा थप प्रस्ट्याइएको छ :

> लङ्गडा धेरै बेर चोकको अघिल्तिर आएर बसिरह्यो । भरे आफू हिजो राति जहाँ सुतेको थियो, उहीँ गएर सुत्ने विचार गऱ्यो तर जाँदाजाँदै उसको मनमा अर्के विचार आयो । ऊ फर्क्यो । अन्त्यमा घस्रँदैघस्रँदै गड्डी खानमुनि जुन झुप्रोमा ऊ सुत्ने गर्थ्यो, त्यहीँ गएर सुत्यो । (पृ.४३-४४)

उपर्युक्त हरफले लङ्गडाले मनमनै सोचेको र गरेको व्यवहारलाई लेखकले जस्ताको तस्तै रूपमा उल्लेख गर्दै स्वचालित लेखनको प्रयोग लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा गरिएको कुरालाई प्रस्ट्याएको छ । तसर्थ उक्त उपन्यासमा स्वचालित लेखन पद्धतिको अनुसरण गरिएको कुरा प्रस्ट हुन्छ ।

**जीवनको एकान्त काल्पनिक पक्षका साथै व्यक्तित्वको अन्तर्विरोधको उद्घोष**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा जीवनको एकान्त काल्पनिक पक्षका साथै व्यक्तित्वको अन्तर्विरोधको उद्घोष गरिएको छ। व्यक्तिहरूको सुविधासहितको जीवनपद्धतिलाई हेरी लङ्गडा गम्भीर भई नानाथरिका कुरा मनमा खेलाउनु, कल्पनामा रमाउँदारमाउँदै आफ्नो वास्तविकता बिर्सनु, आफूलाई सधैँ एक रुपैया दिने बङ्गाली युवतीलाई बारम्बार स्मरण गरिरहनु, चिल भएर देशविदेश घुम्न खोज्नुजस्ता कार्यव्यापारले लङ्गडाको जीवनको एकान्त काल्पनिकताका सन्दर्भहरूलाई कोट्याएका छन् । एउटै व्यक्तिको मनमा तरङ्गित हुने परस्पर विरोधी प्रवृत्तिहरूलाई अन्तर्विरोध भन्ने गरिन्छ । निद्राबाट व्युझिई बिडीको उपभोग गरिरहेको लङ्गडाले सुतिरहेको कुकुरलाई उठाउनु, लङ्गडाको कुरुपतालाई हेरी हाँसो गर्ने व्यक्तिहरूको व्यवहार लङ्गडालाई मन नपरे पनि भित्री रूपबाट क्रोधित भए पनि टुलुटुलु हेरिरहनु, संसारमा आफू एक्लै भएको कुरा मनमा खेलाई दुःखित हुनु, लङ्गडा आफू बस्दै आएको ठाउँलाई पहिलाको जस्तो ठान्न नसक्नु (कुकुर हराएपछिको अवस्थामा) का साथै त्यस वासस्थानसँग आत्मीय सम्बन्ध रहेको कुरा पनि बिर्सनु, आफूलाई अर्द्ध मनुष्यको दर्जा दिनुजस्ता लङ्गडाका मानसिक क्रियाकलापले उसको व्यक्तित्वको अन्तर्विरोधलाई बोध गराएका छन् । यस कुरालाई तलको उपन्यास अंशद्वारा थप प्रस्ट्याइएको छ :

> लङ्गडा फर्केर अघिकै ठाउँमा आएर बस्यो । दुनियाँको यो विचित्रता देखेर ऊ जिल्ल परी हाँस्न खोजिरहेको थियो । तर उसको हँसाइमा आँसु बादल भएर मानव हृदयको अन्तर्भित्र रसिन पुग्दथ्यो किनभने अन्तर्द्वन्द्वले यसलाई विक्षुब्ध पारिसकेको थियो । उसका आँखामा सभ्य समाजप्रति अवज्ञा नाचिरहेको थियो । उपेक्षा, उदासीनता, अकर्मण्यता, र सङ्घर्षका हजारौँ फिलिङ्गाहरू आएर उसको हृदयलाई डाम्न खोज्थे । तर ऊ मूक नै थियो । ऊ बोल्न पनि सक्दैन्थ्यो । त्यो त उसको निम्ति रोजै भइरहने घटना थियो । (पृ.५५)

प्रस्तुत औपन्यासिक अंशले जीवनको एकान्त काल्पनिक पक्ष र अन्तर्विरोधबाट लङ्गडा प्रवाहित रहेको कुरालाई प्रस्ट्याएका छन् । तथापि प्रस्तुत उपन्यासमा जीवनको एकान्त काल्पनिक पक्षका साथै व्यक्तित्वको अन्तर्विरोधको उद्घोष गरिएको कुरा स्पष्ट हुन्छ ।

**वैयक्तिकता र विद्रोहात्मकता**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा वैयक्तिकता र विद्रोहात्मकताको प्रयोग गरिएको छ । वैयक्तिकताले व्यक्तिसँग सम्बन्धित, व्यक्तिमा मात्र सीमित रहेको तथा विद्रोहात्मकताले विद्रोहसम्बन्धी, विद्रोह गर्ने, असन्तुष्टि जनाउनेजस्ता अर्थबोध गराउँछन् । स्वच्छन्दतावादबाट समेत अभिप्रेरित रहेको अतियथार्थवादमा वैयक्तिकता र विद्रोहात्मकता पनि पाइन्छन् । यस

उपन्यासका विद्यार्थीहरू, प्रहरी, कुल्ली, पसले, भलादमी, बङ्गाली युवती, लङ्गडाजस्ता पात्रहरूका क्रियाकलाप र व्यवहारमा वैयक्तिकताको प्रचुरता पाइन्छ । यस कुरालाई तलको उपन्यास अंशद्वारा थप प्रस्ट्याइएको छ :

> उसले मनमनै विचार गर्न थाल्यो- आज त पुरी मिठाइको पसलमा गएर मोजले पुरी, तरकारी खान्छु, रसगोला, पेडा खान्छु, सन्देश जलेबी पनि खान्छु, घिउको पुरी, मिठाइ र सेल खाने कति दिनदेखिको इच्छा थियो ! ओहो ! सधैं त मिठाइको पसलमा घिउ र पुरीको गन्ध मात्र सुँघ्दै डुलिहिँड्थेँ ! आज त मनले खोजेका कुरा पेटभरि खान पाउँछु । ( पृ.३३)

उक्त अंशले खाद्यवस्तुको उपभोगसम्बन्धी लङ्गडाको वैयक्तिक इच्छा, धारणा र सोचाइलाई प्रस्ट्याएको छ । लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासको केन्द्रीय पात्र लङ्गडाको चरित्रमा विद्रोहात्मकताको प्रयोग गरिएको छ । स्कुले विद्यार्थीहरूले भालुको अभिनय गर्दै लङ्गडालाई भुइँभालु भन्दै अपहेलित गरी लङ्गडाको स्वाभिमानमा कठोर प्रहार गर्दा लङ्गडा आक्रोशित भई विद्यार्थीहरूमाथि जाइलाग्नु, मोटरको किचाइबाट झन्डै बाँचेको लङ्गडालाई एउटा मान्छेले गाली गर्दा लङ्गडा त्यस मान्छेको कुरा नबुझ्ने गरी वाल्ल परेर हेर्नु, लङ्गडाले कुकुरलाई साथी बनाउनु, मृत्युको मुखमा पुग्नै लागेको चारैतिरबाट मान्छे र पुलिसद्वारा घेरिएको अवस्थामा लङ्गडाले सबैप्रति आफ्नो दृष्टि पुऱ्याउँदै कुकुरलाई अङ्गालो हाल्दै प्राण त्याग्नुजस्ता प्रस्तुत उपन्यासका कार्यव्यापारले कतै प्रत्यक्ष त कतै अप्रत्यक्ष तरिकाले विद्रोहात्मकताको प्रयोग लङ्गडाको माध्यमबाट उक्त उपन्यासमा गरिएको कुरालाई सिद्ध गरेका छन् । यस कुरालाई तलको उपन्यास अंशद्वारा थप प्रस्ट पारिएको छ :

> केवल आफ्नो उपहास गर्नेको मुखमा निःसहाय भएर केही नभनी टुलुटुलु मात्र हेरिरन्थ्यो । तर लङ्गडाको त्यो हेराइमा एउटा भयानक घृणा तथा प्रतिहिंसाको ज्वाला अङ्कित भएको हुन्थ्यो । तर केटाहरू तथा बालबालिकाहरूले उसलाई गिज्याए भने ऊ आगो हुन्थ्यो । .... केटाकेटी देख्नेबित्तिकै उसले यस्तो सशङ्कित हृदयले हेर्थ्यो- जस्तो टोक्ने बानी भएको कुकुरले हिँडिरहेको मानिसलाई फर्केर हेर्दछ । .... दिउँसो आफूलाई यसरी विरक्त पार्ने शत्रुहरूमाथि बदला लिन नपाउँदा उसको साह्रै नै चित्त दुख्थ्यो र राति जब ऊ सुत्थ्यो त्यति बेला ती कुराहरू मनमा सबै सम्झिरहन्थ्यो । (पृ.६-७)

उपर्युक्त अंशले सीमान्त पात्रहरू सोझै ढङ्गले प्रभुत्वशाली पात्रको विरोधमा आवाज उठाउन नसके पनि तटस्थ बसेर वा ठाउँमा नबोलेर पनि आफ्नो विद्रोही स्वभाव देखाउन चाहेको तथा उनीहरूमा विरोधीप्रति आक्रमण गर्ने तीव्र इच्छा रहेको कुरालाई छर्लङ्ग्याएका छन् । अतः उक्त उपन्यासमा वैयक्तिकता र विद्रोहात्मकताको प्रयोग गरिएको कुरा छर्लङ्ग हुन्छ ।

**मानवीय क्रियाकलाप र कर्तुतप्रति तीखो व्यङ्ग्य**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा मानवीय क्रियाकलाप र कर्तुतप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको छ । मानिसहरूमा दिनप्रतिदिन बढिरहेको स्वार्थी प्रवृत्ति, मानवीय मूल्यमान्यताको ह्रास, गैरजिम्मेवारीपूर्ण क्रियाकलाप, विवेकशून्यता, कर्तव्यविमूढता, शक्ति प्रदर्शन, अरूलाई होच्याई र निरुत्साहित गरी आफू रमाउने प्रवृत्तिलगायतका मानवीय क्रियाकलाप र कर्तुतप्रति अतियथार्थवादले तीखो व्यङ्ग्य प्रहार गर्दछ, जुन कुराको अक्षरशः पालना यस उपन्यासमा पनि गरिएको छ । विद्यार्थी, प्रहरी, भलादमी, मान्छेहरू आदिले देखाएका व्यवहारप्रति उपन्यासकारले व्यङ्ग्य प्रहार गर्न खोजेका छन् । विद्यार्थीहरूले लङ्गडालाई भुइँभालु भन्नुका साथै ढुङ्गा तथा हिउँको डल्लाले हान्ने, त्यस्तो ठुलो सहरमा लङ्गडालाई दुई छाक पुऱ्याउन नसक्ने, युवायुवतीको छाडा यौनजन्य, दिउँसै रक्सीले मातेर हिँड्ने व्यक्ति, लङ्गडालाई ओत दिनुका सट्टा गाली दिई तथा लट्ठीले

निर्घात कुटी सख्त घाइते बनाई मृत्युको मुखमा पुऱ्याउने, उपचारको सख्त आवश्यकता रहेको अवस्थामा अस्पताल लैजानुका सट्टा चारैतिरबाट लङ्गडालाई प्रहरी र स्थानीय मानिसले घेरी रमिता हेर्ने र आनन्दित हुनेजस्ता मानवीय क्रियाकलाप र कर्तुतप्रति यस उपन्यासले तीखो व्यङ्ग्य प्रहार गरेको छ । अतः यस उपन्यासमा मानवीय क्रियाकलाप र कर्तुतप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको सार प्राप्त हुन्छ ।

**मानवताको खस्कँदो अवस्थाको चित्रण**

लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा मानवताको खस्कँदो अवस्थाको चित्रण गरिएको छ । एउटा मान्छेले अर्को मान्छेलाई मान्छेका रूपमा हेरी आफूले सक्दो सहयोग गर्ने प्रवृत्ति नै मानवता हो। धनी राष्ट्रले गरिब तथा अविकसित राष्ट्रहरूलाई सहयोग गर्नुका साटो आफ्नो शक्ति प्रदर्शन हेतु गरेका प्रथम विश्वयुद्धका कारण भएको मानवता र मानवअधिकारको हनन, विध्वंश र भयावह स्थितिको पृष्ठभूमिमा जन्मेको अतियथार्थवादले त्यस्ता क्रियाकलापहरूको विरोधमा आफूलाई उभ्याएको छ। यस उपन्यासमा पनि मानिसहरूमा दिनप्रतिदिन बढ्दै गइरहेको दानवीय, क्रूरतम् र आततायी प्रवृत्तिप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको छ। असहाय, असक्त र दीनहीनहरू अत्यन्त न्यूनतम मानवीय आवश्यकताबाट वञ्चित हुनु, राज्य तथा सर्वसाधारणबाट त्यस्ता कमजोर मानिसहरूका लागि कुनै भरपर्दो व्यवस्था नहुनु, समाजमा रहेका ठुलाबडाले गरिब र असक्तहरूलाई सहयोग गर्नुका सट्टा तिरस्कार, अपहेलना र पशुवत् व्यवहार गर्नु, मानिसहरूले मानवसेवा गर्नुका सट्टा रक्सी, वेश्यावृत्ति सामाजिक लोकाचारविरोधी कुकृत्यप्रति बढी आकर्षित हुनु, प्रहरीहरूबाट पनि असहाय र असक्तहरू बढी पीडित र असुरक्षित हुनु, मान्छे भएर पनि एउटा मान्छे साथी नपाउनुजस्ता कार्यव्यापार र घटनाहरूको वर्णन यस उपन्यासमा गरिएको छ, जसले समाजमा मानवताको खस्कँदो अवस्थाको पुस्ट्याइँ गर्दछन् । यस कुरालाई तलको उपन्यास अंशद्वारा थप प्रस्ट्याइएको छ :

> दिनभरि मागेको पैसाले उसलाई एक दिन पनि खान पुग्दैनथ्यो । होटेलको अघिल्तिर वा चिया वा पुरी मिठाइको पसल अघिल्तिर गएर टुकरुक्क बसिरहन्थ्यो । केही खानेकुरा नपाएसम्म ऊ त्यहाँबाट जाँदैनथ्यो । यसरी घन्टौँ त्यहाँ बसेपछि कहिले उसले रोटीको टुक्रा वा मिठाइ पाउँथ्यो कि त उब्रेको भात, मासु र बासी तरकारी पाउँथ्यो । (पृ.१०)

उपर्युक्त औपन्यासिक अंशले दार्जिलिङे समाजमा रहेको मानवताको ह्रासोन्मुख अवस्थाको अङ्कन लैनसिंह बाङ्देलको *लङ्गडाको साथी* उपन्यासमा गरिएको कुरालाई प्रस्ट्याएको छ । जाडो याममा पानी पर्दाखेरी ओत खोजिरहेको लङ्गडालाई धपाउने गरेको प्रसङ्गको वर्णन उपन्यासमा यसरी गरिएको छ, "एउटा पसले आफ्नो पसल थुन्न लागेको थियो । लङ्गडा त्यहीँ गएर ओत लाग्न खोज्यो । तर पसलेले भित्रबाट लङ्गडालाई देखिहाल्यो । पसलेले लङ्गडालाई त्यहाँ बस्न नदिँदा ऊ एक छिनसम्म यता र उता गरिरह्यो" (पृ.६७-६८) । यस अंशले पसले मानवताहीन रहेको कुरालाई सिद्ध गरेको छ। उक्त उपन्यासमा मानवीय मूल्य, मान्यता र मानवताको घोर उलङ्घन गरिएको प्रसङ्गको वर्णन निम्नअनुसार गरिएको छ :

> त्यसले आफ्नो बलियो पाखुराले लङ्गडालाई हातबाट तानेर घसार्दै वर ल्यायो र सिँढी ओरालो मुन्टाइदियो । रातको निस्तब्ध अन्धकारमा वायुको वेगसित एउटा हृदयविदारक चित्कार सुनियो अनि फेरि केही सुनिएन । लङ्गडा सिँढीमा लड्दै तल खस्यो र बेहोस भएर लडिरह्यो । लङ्गडाको अलिकति होस आएपछि उसले आफूलाई हिलोमा लडिरहेको पायो । ... जाडाले उसका हातखुट्टा सबै हिउँ भइसकेका रहेछन् । .... उसको निधारदेखि उँधो च्युँडासम्म रगत बगेको थियो । उसले आफ्नो कोटको बाहुलाले रगत पुछ्यो र घस्रने बल गऱ्यो । केही बेरपछि लङ्गडा विस्तारविस्तार घस्रँदै सडकतिर आयो । (पृ. ७३-७४)

उपर्युक्त औपन्यासिक अंशले जाडोले थरथर कामिरहेको लङ्गडाले एउटा पसलेको दलानमा ओत लिन खोजिरहँदा पसलेले लङ्गडालाई लट्ठीले निर्घात कुटी नालीमा हुत्याउनु र त्यसका कारण सिर्जित लङ्गडाको कारुणिक परिस्थितिले मानिसमा मानवताको लेससमेत बाँकी नरहेको कुराको पुस्ट्याइँ गरेको छ । बडो कष्टपूर्वक सडकमा आएको लङ्गडालाई सुरक्षाकर्मी र मानिसले घेरे पनि कसैबाट उसको उपचारार्थ र सहयोगार्थ प्रयास नगरिएको तथा सबै मुकदर्शक बनेको अवस्थाको वर्णन उपन्यासमा यसरी गरिएको छ, “लङ्गडाले दुवै हातको बलले उठ्ने चेष्टा गऱ्यो तर  सकेन । उसले चारैतिर आँखा घुमाएर हेऱ्यो - उसले आफूलाई चारैतिर मानिस र पुलिसले घेरेको पायो” (पृ.७६) । यस अंशले प्रस्तुत कृतिमा मानवताको खस्कँदो अवस्थाको चित्रण गरिएको कुरालाई छर्लङ्ग्याएको छ ।  तथापि यस उपन्यासमा मानवताको खस्कँदो अवस्थाको चित्रण गरिएको कुरा प्रस्ट हुन्छ ।

**४. निष्कर्ष**

लैनसिंह बाङ्देलले अतियथार्थवादको प्रयोगमा *लङ्गडाको साथी* उपन्यासको रचना गरी सीमान्त वर्ग र समुदायको केन्द्रीयतामा साहित्यरचना गर्नुपर्ने, सीमान्त वर्ग न्यूनतम मानवीय आवश्यकताको परिपूर्ति र मानवअधिकारका साथ बाँच्न पाउनुपर्ने सामाजिक वातावरण बन्नुपर्ने, सीमान्त समुदायसँग सम्बद्ध समस्या समाधानमा राज्यले जवाफदेहिता र संवेदनशीलता देखाउनुपर्ने  तथा मान्छेले मानवतावादी विचारधारालाई अवलम्बन गर्दै मानवमूल्य र श्रेष्ठतालाई जोगाउनुपर्ने विचारधारा पाठकसमक्ष पुऱ्याउन खोजेका छन् । उनले उक्त कुराको अभिव्यक्ति प्रस्तुत उपन्यासमा पुराना र परम्परागत मूल्य, मान्यता, सभ्यता र संस्कृतिको अस्वीकार, उपेक्षित र किनाराकृत वर्गलाई सर्वोपरि महत्त्व, साहित्यलाई अत्यधिक बौद्धिक, तार्किक र व्यवस्थित बनाउने कुराप्रतिको असहमति, सहजानुभूति र भावातिरेक कल्पनामा जोड, स्वतन्त्रता र प्रेमलाई बढी प्राथमिता, स्वप्न, दिवास्वप्न, तन्द्रा, भय र अप्रत्याशित घटनाको प्रस्तुति, अन्वितिरहित, असङ्गत र असम्बद्ध कुराहरूको चित्रण, स्वचालित लेखन पद्धतिको प्रयोग, जीवनको एकान्त काल्पनिक पक्षका साथै व्यक्तित्वको अन्तर्विरोधको उद्घोष, वैयक्तिकता र विद्रोहात्मकता, मानवीय क्रियाकलाप र कर्तुतप्रति तीखो व्यङ्ग्य तथा मानवताको खस्कँदो अवस्थाको चित्रणजस्ता अतियथार्थवादका मान्यताहरूको प्रयोगका माध्यमबाट गरेका छन् । अतः उक्त उपन्यासमा सीमान्त वर्गसँग सम्बद्ध समस्यालाई जीवन्त र प्रभावान्वितिपूर्ण ढङ्गले प्रस्तुत गरी सीमान्त वर्गको केन्द्रीयतामा साहित्यको सिर्जना गर्नुपर्ने एवम् समाजमा सीमान्त वर्गलाई मानवअधिकारका साथ बाँच्न पाउनुपर्ने वातावरणको सिर्जना हुनुपर्ने विचार अभिव्यक्त भएको तथा लैनसिंह बाङ्देलमा सीमान्त वर्गसँग सम्बद्ध समस्यालाई अत्यन्त संवेदनशील र कलात्मक ढङ्गले अङ्कन गर्ने सिर्जनात्मक प्रज्ञा र शिल्पप्रविधि बेजोड रूपमा रहेको तथ्य प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो ।

**५. सन्दर्भसामग्री**


आचार्य, सुषमा (२०५९), ‘लङ्गडाको साथीको विवेचना’, *नेपाली स्नातकोत्तर समालोचना,* (सम्पा.), घटराज भट्टराई, पुतली सडक : पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर, पृ.२९०–३०३ ।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त नेपाली शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गुप्त, शान्तिस्वरूप (सन् २००६), *पाश्चात्य काव्यशास्त्रको सिद्धान्त,* दिल्ली : अशोक प्रकाशन ।

जोशी, कुमारबहादुर (२०६६), *पाश्चात्य साहित्यका प्रमुख वाद* (पाँचौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २* (पाँचौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रकाश, अरुण (सन् २०१५), *कहानी के फलक,* गाजियावाद : अंतिका प्रकाशन ।

प्रधान, कृष्णचन्द्र (२०६१), *नेपाली उपन्यासकार र नेपाली उपन्यास* (चौथो संस्क.), पुलचोक : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

बाङ्देल, लैनसिंह (२०४४), *लङ्गडाको साथी* (पुनः मुद्रित संस्क.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

मिश्र, भागीरथ (सन् २०११), *पाश्चात्य काव्यशास्त्र : इतिहास, सिद्धान्त और वाद* (छैटौं संस्क.), वाराणसी : विश्वविद्यालय प्रकाशन ।

वर्मा, धीरेन्द्र, वर्मा, ब्रजेश्वर, चतुर्वेदी, रामस्वरूप, रघुवंश र भारती, धर्मवीर (सन् २०१०), *हिन्दी साहित्यकोश भाग १* (आठौं संस्क.), वाराणसी : ज्ञानमण्डल प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सिंह, बच्चन (सन् २०१२), *आधुनिक हिन्दी आलोचना के बीज शब्द* (संशोधित संस्क.), नयी दिल्ली : वाणी प्रकाशन ।

Abrams, M.H. & Harpham, G. G. (2020). *A glossary of literary terms*. Twentieth reprinted. Delhi : Cengage learning India private limited.

Baldick, C. (2015). *The oxford of dictionary of literary terms.* Fourth edition. New York : Oxford University Press.